nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

29°C । वर्ष :११, अंक : २४५ पृष्ठ ४ । बुधबार ३० वैशाख २०८३ । WEDNESDAY, MAY 13, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैया

## एचआईभी संक्रमितको संख्यामा मधेश प्रदेश दोस्रो स्थानमा



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२९ वैशाख ।**

मधेश प्रदेश मा एचआईभी संक्रमितको संख्या उच्च रहेको तथ्याङ्क सार्वजनिक भएको छ। देशभर संक्रमितको संख्या सबैभन्दा बढी लुम्बिनी प्रदेश मा रहेको छ भने मधेश प्रदेश दोस्रो स्थानमा रहेको स्वास्थ्य सम्बन्धी तथ्याङ्कले देखाएको हो । स्वास्थ्य निर्देशनालय सपही द्वारा जनकपुरधाममा आयोजित पत्रकार अन्तरक्रिया कार्यक्रममा प्रस्तुत विवरणअनुसार देशभर करिब ३५ हजारभन्दा बढी एचआईभी संक्रमित रहेका छन् । तीमध्ये मधेश प्रदेशमा मात्रै करिब ४ हजार ६ सय ८० जना संक्रमित रहेको जानकारी दिइएको छ। कार्यक्रममा सहभागी जिल्ला जनस्वास्थ्य कार्यालयका अधिकृत राजवीर यादव का अनुसार मधेश प्रदेशमा संक्रमितको संख्या निरन्तर बढ्दो क्रममा रहेको छ । संक्रमितमध्ये महिला र बालबालिकाको संख्या उल्लेख्य रहेको तथ्याङ्कले देखाएको छ । आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा गरिएको परीक्षणका क्रममा करिब एक लाख जनामध्ये ६ प्रतिशतमा संक्रमण पुष्टि भएको जानकारी पनि कार्यक्रममा दिइयो । मधेश प्रदेशका आठ जिल्लामध्ये पर्सा र धनुषा सबैभन्दा बढी जोखिममा रहेको बताइएको छ। पर्सामा १ हजार ५ सय ४ र धनुषामा ८ सय ८६ संक्रमित रहेको तथ्याङ्क प्रस्तुत गरिएको छ । डा. प्रमोद यादव ले जनचेतनाको कमी, अशिक्षा, वैदेशिक रोजगार तथा समयमै उपचार नहुनु संक्रमण बढ्नुका मुख्य कारण भएको बताए । उनले एचआईभी नियन्त्रणका लागि समुदायस्तरमै सचेतना र नियमित परीक्षणलाई प्रभावकारी बनाउन आवश्यक रहेकोमा जोड दिए ।

## सीमावर्ती क्षेत्रका सर्वसाधारणलाई १ सय रुपैयाँको खरिद सीमा बढाइने



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२९ वैशाख ।**

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले अहिले सीमा नाकाबाट १ सय रुपैयाँ भन्दा माथिको मालसामान भन्सार शुल्क नतिरी ल्याउन नपाइने नियम संशोधन हुने बताएका छन्। सरकारले सीमावर्ती भारतीय बजारबाट ल्याइने १०० रुपैयाँभन्दा बढी मूल्यका सामानमा भन्सार महसुल अनिवार्य गरेको छ। यसले गर्दा थोरै रकमको सामान ल्याउने सर्वसाधारणले ठूलो कष्ट भोग्नु परेको छ । सीमा नाकामा बस्ने सर्वसाधारणको सुविधाका लागि सो सीमा बढाइने उनले बताए । मंगलबार अर्थ समितिमा आयोजित छलफलमा बोल्दै उनले सिमानामा १ सय रुपैयाँभन्दा माथिको वस्तु ल्याउन रोक लगाउने नियम वर्तमान सरकारले नबनाएको समेत बताए । 'यो हामी आएर बनाएको नियम होइन,' उनले भने, 'यो सीमा बढाउँछौं, तर राजस्व चुहावट गर्ने उद्देश्यले हुने तस्करीमा भने हामी निर्मम हुन्छौं ।' घरायसी सामानको नाममा दैनिक १०/१२ पटक ओहोर दोहोर गरेर सामान ओसार्ने प्रवृत्तिमा कडाइ गरिने अर्थमन्त्री डा. वाग्लेले जानकारी दिए ।

## बीरगन्जलाई स्मार्ट सिटी बनाउने अभियानमा विपी उद्यान पार्क निर्माण तीव्र



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२९ वैशाख ।**

बीरगन्ज महानगर पालिकाले हराभरा, सुरक्षित र आधुनिक स्मार्ट सिटी बनाउने लक्ष्यसहित आदर्शनगरस्थित विपी उद्यान पार्कको निर्माण कार्यलाई तीव्रता दिएको छ । महानगरको सरसफाइ तथा हरियाली प्रवर्द्धन अभियानअन्तर्गत पार्कलाई आकर्षक, व्यवस्थित र पारिवारिक मनोरञ्जन स्थलका रूपमा विकास गर्ने योजना अघि बढाइएको हो । संयोजक जयप्रकाश खेतानका अनुसार पार्कमा हरियाली विस्तार, पदमार्ग निर्माण, विश्रामस्थल तथा बालबालिकाका लागि खेल क्षेत्र निर्माण कार्य तीव्र गतिमा भइरहेको छ । पार्कलाई स्वास्थ्य, मनोरञ्जन र सामाजिक भेटघाटको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिइएको छ । यससँगै पार्क क्षेत्रमा स्थायी प्रहरी बिट पनि स्थापना गरिएको छ, जसले सुरक्षा व्यवस्थालाई थप मजबुत बनाएको स्थानीयवासीले बताएका छन्। प्रहरी बिट सञ्चालनपछि पार्कभित्र हुने अवाञ्छित गतिविधि नियन्त्रण, सुरक्षामा सहजता तथा संरचनाको संरक्षणमा सहयोग पुगेको छ। संयोजक खेतानले वीरगञ्जको विकासमा नागरिक सहभागिता अपरिहार्य रहेको बताउँदै भने, "हरियाली र सरसफाइ केवल सौन्दर्य होइन, स्वस्थ र सभ्य शहरको आधार हो।" स्थानीयवासीले विपी उद्यान पार्क निर्माणले वीरगञ्जको स्वरूपमा सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरेका छन् । पार्क पूर्ण रूपमा तयार भएपछि आन्तरिक पर्यटन प्रवर्द्धन र शहरी जीवनशैलीमा सुधार आउने अपेक्षा गरिएको छ ।

## एसईई नतिजाबाट असन्तुष्ट बीरगन्जका १५ वर्षीय किशोरद्वारा आत्महत्या



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२९ वैशाख ।**

माध्यमिक शिक्षा परीक्षा (क्ष्म) को नतिजाबाट असन्तुष्ट बनेका वीरगञ्जका एक किशोरले सोमबार राति आत्महत्या गरेका छन् । पर्साको पकाँहामानपुर गाउँपालिका-२ घर भई हाल वीरगञ्ज महानगरपालिका-११ श्रीपुरमा बस्दै आएका १५ वर्षीय शन्नी पटेलले नतिजा सार्वजनिक भएकै रात आत्महत्या गरेका हुन् । उनी वीरगञ्जको पिपरास्थित नरसिंह माध्यमिक विद्यालयका विद्यार्थी थिए । पारिवारिक स्रोतका अनुसार सोमबार सार्वजनिक भएको एसईईको नतिजापछि शन्नी निकै निरास र चिन्तित देखिएका थिए । राति करिब ११:३० बजे परिवारका सदस्यहरूले उनलाई सम्झाइबुझाइ गरिरहेकै बेला उनी अचानक दौडिएर आफ्नो कोठामा छिरेका थिए । "हामीले धेरै सम्झाउने प्रयास गरिरहेका थियौं, तर उनी अचानक कोठामा गएर ढोका बन्द गरे," परिवारका एक सदस्यले बताए । फलामको ढोका भएका कारण तत्काल खोल्न नसकिएको र ढोका फुटाएर भित्र हेर्दा उनले ओछ्यानको तन्नाको पासो लगाइसकेको अवस्थामा भेटिएको परिवारले जनाएको छ। घटनाको जानकारी लगत्तै जिल्ला प्रहरी कार्यालय पर्साको टोली घटनास्थल पुगेको थियो । प्रहरीले प्रारम्भिक मुचुल्का उठाएर शवलाई पोस्टमार्टमका लागि वीरगञ्जस्थित नारायणी अस्पताल पठाएको छ । जिल्ला प्रहरी कार्यालय पर्साले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिएको छ । एसईई नतिजापछि हरेक वर्ष यस्ता दुःखद घटनाहरू दोहोरिने गरेका छन् । शिक्षाविद् तथा मनोपरामर्शदाताहरूले परीक्षाको नतिजालाई नै जीवनको अन्तिम फैसला मान्ने प्रवृत्ति गलत भएको बताउँदै आएका छन् । "परीक्षा एउटा प्रक्रिया मात्र हो, यो जीवनको अन्त्य होइन," मनोविदहरू भन्छन्, "अभिभावकले आफ्ना बालबालिकालाई नतिजाको आधारमा दबाब दिनुको सट्टा उनीहरूको भावना बुझेर साथ दिनु जरुरी छ ।"यस्ता घटनाले हाम्रो मूल्याङ्कन प्रणाली र विद्यार्थीहरूमाथि पर्ने मानसिक दबाबबारे पुनः गम्भीर बहसको आवश्यकता औंल्याएको छ ।

## बीरगन्जमा स्व. रामजन्म तिवारीको २७औं स्मृति दिवस सम्पन्न



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२९ वैशाख ।**

मधेशवादी आन्दोलनका अग्रणी व्यक्तित्व स्वर्गीय रामजन्म तिवारी को २७औं स्मृति दिवस वीरगन्जमा विभिन्न राजनीतिक, सामाजिक तथा बौद्धिक व्यक्तित्वहरूको सहभागितामा मनाइएको छ । घण्टाघरस्थित स्व. तिवारीको सालिक परिसरमा आयोजित कार्यक्रममा सहभागीहरूले माल्यार्पण तथा पुष्प अर्पण गर्दै मधेशी समुदायको अधिकार, पहिचान र सम्मानका लागि उनले गरेको योगदानको स्मरण गरेका थिए ।कार्यक्रमको अध्यक्षता भाग्यनाथ गुप्ता ले गरेका थिए । कार्यक्रममा मधेश आन्दोलनसँग जोडिएका विभिन्न व्यक्तित्व, कानुन व्यवसायी, सामाजिक अगुवा, परिवारजन तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै अधिवक्ता सुरेन्द्र कुर्मी ले स्व. तिवारीलाई मधेशी समुदायको हक-अधिकारका लागि संघर्ष गर्ने अग्रणी व्यक्तित्वका रूपमा स्मरण गरे । उनले २००७ सालको आन्दोलनदेखि पञ्चायती व्यवस्थाविरुद्धको संघर्ष र २०४६ सालको जनआन्दोलनसम्म स्व. तिवारीले निरन्तर नेतृत्वदायी भूमिका निर्वाह गरेको बताए । उनले मधेशी मुद्दालाई राष्ट्रिय राजनीतिमा स्थापित गर्न नेपाल सद्भावना पार्टी गठन र विस्तारमा स्व. तिवारीको महत्वपूर्ण योगदान रहेको उल्लेख गरे ।कार्यक्रमका अध्यक्ष प्रो. गुप्ताले पनि स्व. तिवारीले मधेशको पहिचान, भाषा, संस्कृति र अधिकारका लागि जीवनभर संघर्ष गरेको बताए । उनले मधेशी समुदायमाथि भएका विभेदविरुद्ध आवाज उठाउने प्रारम्भिक नेतामध्ये स्व. तिवारी प्रमुख रहेको धारणा राखे । कार्यक्रममा स्वागत मन्तव्य आशुतोष तिवारी ले दिएका थिए भने सञ्चालन सञ्चारकर्मी लालबाबु सिंह ले गरेका थिए ।

**नेपाल पोष्ट डेली**
**ई -पेपरका**
**लागि स्क्यान गर्नुहोस्**

## निजगढ होटलमा युवतीको शङ्कास्पद मृत्यु, शव पोस्टमार्टमका लागि काठमाडौं पठाइयो



**बारा,२९ वैशाख ।**

बाराको निजगढ नगर पालिका-९ बुद्धचोकस्थित एक होटलमा शङ्कास्पद अवस्थामा मृत्यु भएकी युवतीको शव पोस्टमार्टमका लागि काठमाडौं पठाइएको छ । वैशाख २५ गते गुरुङ होटलमा बसेकी निजगढ-१२ की २५ वर्षीया सीता थिङ घाइते अवस्थामा फेला परेपछि प्रहरीले उद्धार गरी नजिकैको सामुदायिक अस्पताल प्रसूति गृहमा पुऱ्याएको थियो । अस्पतालले उनलाई मृत घोषणा गरेको थियो। जिल्ला प्रहरी कार्यालय बाराका प्रमुख एसपी नरेन्द्र कुँवरका अनुसार घटनाको प्रकृति शङ्कास्पद देखिएकाले शव त्रिवि शिक्षण अस्पताल काठमाडौं पठाइएको हो । पोस्टमार्टम रिपोर्ट आउन बाँकी रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार मृतकसँग होटलमा १८ वर्षीया अनु सुनार, जितपुरसिमरा-१६ टाङ्गिया बस्तीका ३५ वर्षीय महेश माझी र ३६ वर्षीय सुनिल बोम्जन पनि सँगै पुगेका थिए । सीता थिङ र महेश माझी एउटै कोठामा बसेका थिए ।घटनापछि प्रहरीले मृतकसँगै रहेका तीनै जनालाई पक्राउ गरी ज्यानसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको छ ।प्रारम्भिक बयानमा महेश माझीले सीता थिङ शौचालयमा झुन्डिएको अवस्थामा फेला परेको र आफूहरूले उद्धार गरेको बताएका छन्। अर्को कोठामा रहेका अनु सुनार र सुनिल बोम्जनले पनि झुन्डिएको अवस्थामा देखेपछि सहयोग गरेको दाबी गरेका छन् । तर प्रहरीले मृतकको घाँटीमा चोटको दाग देखिएको र महेश माझीको गालामा समेत चोट भेटिएकाले घटनामा झगडा वा हत्या संलग्न हुन सक्ने आशंकामा अनुसन्धान भइरहेको जनाएको छ ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## सगरमाथाको सुन्दर भविष्य

सर्वोच्च शिखर सगरमाथा नेपाल र नेपालीको सानका साथै विश्वकै अनुपम आकर्षण हो । विसं २०१० मा एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले पहिलो पटक पाइला टेकेयता सगरमाथा अर्थात् माउन्ट एभरेस्टप्रति संसारकै आकर्षणको ग्राफ उचाइतिरै गइरहेको छ । नेपालको पर्यटन क्षेत्रको विकासको आधार पनि हो सगरमाथा । सगरमाथासँगै देशको उत्तरतिर रहेका चाँदी जस्ता टल्किने हिमाल प्रकृतिका अनुपम उपहार हुन् । यी प्रकृतिका उपहार अहिले मानव अतिक्रमणमा पर्न थालेका छन् । पर्वतारोहणलाई सीमित र साहसिक आकर्षणका रूपमा लिनुपर्ने हो तर सगरमाथालगायतको आरोहणलाई प्रतिस्पर्धा जसरी अगाडि बढाइएको त होइन भन्ने प्रश्न उब्जिएको छ । हरेक वर्ष सगरमाथा, वरपरका हिमाल र आधार शिविरमा मानव चाप बढ्दो छ । यो वसन्त ऋतुका निम्ति सगरमाथा, ल्होत्से र नुप्से हिमालको आरोहणमा ठुलो आकर्षण छ । यतिबेला आधार शिविरमा पर्वतारोही दलका सदस्य, सरदार, पर्वतीय पथप्रदर्शक, भरिया, भान्से र उचाइमा जाने कामदारको ठुलो भिड भएको छ । आधार शिविरमा बजार जस्तो हुनुले यसको सुन्दर प्राकृतिक उपहारमा के कस्तो असर पर्ला ? अग्ला अग्ला शिखरको फेदीमा सीमित फराकिलो स्थान अहिले पाल टाँगेर मानव डेराले भरिएका छन् । आरोही तथा सहयोगीका निम्ति बास व्यवस्थापनका लागि सानो चट्टानी भूभाग रङ्गीचङ्गी पालले भरिएका छन् । ध्वजापताका फरफराइरहेका छन् ।

हिमाली काखमा शान्त रहनुपर्ने आधार शिविरमा दैनिक दर्जनौं र अनेकौं पटक हुने हेलिकोप्टरको ओहोरदोहोरले त्यस क्षेत्रमा ध्वनि प्रदूषणसमेत बढ्दो छ । टेन्टभित्र बालिएका बत्तीले हिमाली प्राणीको शान्ति खलबलिन सक्ने छ । सङ्गीतको धुनले सीमित क्षेत्र अस्थायी सहर जस्तो बन्दा त्यसको असर के कस्तो पर्छ भन्ने अध्ययन पनि जरुरी छ । सगरमाथालगायतका चुचुरो चुम्ने धेरै आरोहीको सपना स्वाभाविक भए पनि यसको भविष्यलाई समेत प्रतिकूल असर नपर्ने गरी नीति, योजना र कार्यक्रम आवश्यक छ । हुन पनि यो सानो क्षेत्रमा यतिबेला झन्डै दुई हजार मानिसको चाप छ । त्यसै पनि जलवायु परिवर्तनको असर विश्वव्यापी फैलिएको छ । हाम्रा हिमालमा त्यसको असर अझै तीव्रत्तर छ । केही दशकअघिसम्म हिमालका निश्चित उचाइमाथि बाह्रै महिना चाँदी जस्तो टल्किने हिउँको मात्रा अहिले घटेको छ । विशाल हिमनदी तीव्रत्तर पग्लन थालेका छन् । कतिपय हिमशृङ्खला चाँदी जस्तो टल्किने अवस्थाबाट काला पहाडमा परिणत हुन थालेका छन् । आधार शिविरभन्दा माथि दशकौंदेखि आरोहण गर्दा छोडिएका कतिपय वस्तु हिमालमै हराएर फोहोर भएका छन् । मानवीय फोहोर बढ्दो छ । यताका वर्षमा झनै चाप पर्न थालेपछि फोहोर व्यवस्थापनमा अझ जटिल हुन सक्छ । यो पटक सगरमाथा आरोहणका लागि डोरी टाँग्ने कार्य चौथो शिविरसम्म पूरा भएको जानकारीमा आएको छ । आधार शिविरबाट पहिलो, दोस्रो, तेस्रो क्याम्प हुँदै चौथो क्याम्पमा अक्सिजन सिलिन्डर, टेन्ट, खानालगायतका आरोहण सामग्री पुऱ्याउने कामले शान्त क्षेत्रमा तीव्र चहलपहल बढेको छ । एडमन्ड हिलारी यो संसारमा नभए पनि उहाँले सगरमाथा र हिमाली क्षेत्रप्रति गरेको चिन्ता भने सधैं महत्वपूर्ण हुने छ । खुम्बु क्षेत्रलगायत हिमाली क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा ठुलो योगदान दिनुभएका हिलारीको आरोहणको चाप बढिरहेकोप्रति गहिरो चिन्ता र चिन्तन थियो । जीवनको उत्तरार्धमा उहाँले सगरमाथालाई शिखरमा पुगेर नाम कमाउने प्रतिस्पर्धाका रूपमा मात्र हेर्न नहुने सुझाव दिनुभयो । त्यसैले होला उहाँले सगरमाथालाई केही समय आराम गर्न दिनुपर्ने पनि बताउनुभएको थियो । प्रतिस्पर्धाका रूपमा सगरमाथा तथा उच्च हिमाली शृङ्खला आरोहण गर्दा धेरैको ज्यान पनि गइरहेको छ । सगरमाथाको व्यवसायीकरण र बढ्दो भिडप्रति हिलारीको असन्तुष्टिलाई संसारभर गम्भीर रूपमा लिइएको पाइन्छ । हो, सगरमाथा आरोहणले देशको राजस्वमा केही योगदान अवश्य पुगेको छ तर अहिले प्राप्त भएको राजस्वलाई सबै उपलब्धि मात्र ठान्नु हुँदैन । सगरमाथा तथा उच्च हिमशृङ्खलालाई आरोहणको विन्दु मात्र बनाउनुभन्दा दृश्यावलोकनका फराकिलो आयाम विस्तार गरी पर्यटन प्रवर्धन गर्नु आवश्यक छ । त्यसका निम्ति मनोरम हिमशृङ्खला हेर्न जाने पर्यटकीय उत्पादनलाई बहुआयामिक तवरले विकास र विस्तार गर्नु पर्छ । यसबाट अझै ठुलो सङ्ख्यामा बर्सेनि लाखौंलाख पर्यटक विश्वभरबाट आउन सक्छन् । यसमा गुणस्तरीय पर्यटन विकासमा ध्यान दिनु पर्छ । जलवायु परिवर्तनका दुष्प्रभावले निसास्सिएका हाम्रा हिमशृङ्खला आगामी पुस्ताका निम्तिसमेत सुरक्षित राख्नु पर्छ । अमूल्य प्राकृतिक सम्पदाको सुन्दर भविष्य सुरक्षित राख्न गहिरो चिन्तन र कार्ययोजना आवश्यक छ ।

# विदेशमा उपचार खर्चका नाममा भ्रष्टाचार



**बलराम केसी**

१४ वैशाखमा सर्वोच्च अदालतको संवैधानिक इजलासले ‘नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि’ को दफा १२ (१) खारेज गरिदिएको छ । यसअनुसार पूर्वविशिष्टहरूले विदेशमा उपचार गर्दा लागेको खर्च लिने गरेकामा अब नपाउने भएका छन् । लामो समयदेखि यसबारे बहस र आलोचना हुने गरेको थियो । तर नैतिकताका दृष्टिबाट प्रश्न उठाउने गरिएको थियो । यस आलेखमा भने यस कार्यविधि कसरी गैरसंवैधानिक थियो र उपचार खर्च लिने कार्य कसरी गम्भीर भ्रष्टाचार हो भनेर चर्चा गरिनेछ । २०६८ सालमा तत्कालीन सरकारले ‘नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि’ बनायो र दुई पटक संशोधन भयो । कार्यविधिका आधारमा राष्ट्रपति, पूर्वराष्टपति, पूर्वप्रधानमन्त्रीलगायत धेरैले राज्यकोषबाट खर्च लिए । केपी ओलीले पटक-पटक गरी झन्डै अढाई करोड, रामवरण यादवले झन्डै डेढ करोड, रामचन्द्र पौडलले झन्डै ५० लाख, झलनाथ खनालले ५० लाख लिएको सार्वजनिक भइसकेको छ । यस्तो व्यवस्थाका कारण उपचारका लागि सरकारी खर्चमा विदेश जाने प्रवृत्ति मौलायो । बिरामी मात्र होइन, ठूलो ‘इन्टोराज’ लैजाने खर्च पनि राज्यकोषबाट बेहोरिने भयो । जबकि, प्रायः रोगको उपचार नेपालमा नै हुन्छ । यसक्रममा खर्चको बिल भर्पाइ मागिएन । नेपालमै उपचार किन नगराउने भनेर सोधिएन । मेडिकल बोर्डको सिफारिस खोजिएन । बचेको रकम फिर्ता गराउने होइन, बरु थपियो । कानुनले नचिन्ने ‘ कार्यविधि’ मा १५ लाख तोकियो तर अढाई करोडसम्म दिइयो । लाख त सामान्य भयो । मागेजति रकम प्रधानमन्त्रीबाट ‘हुकुम प्रमांगी’मा बक्सिस भयो । यस्ता कार्यहरू संविधानको धारा ७५(२) मा निहित कार्यकारी अधिकारको चरम दुरुपयोग, समानता र स्वास्थ्यसम्बन्धी मौलिक हकको उल्लंघन र भ्रष्टाचार हो र थियो ।

**प्रजातन्त्रको गलत बुझाइ**

पञ्चायती व्यवस्था प्रजातान्त्रिक थिएन । तर पञ्चायत ‘गभर्नेन्स’ र सुशासनमा धेरै अनुशासित थियो । आज नेपाल सिद्धान्ततः र संविधानतः पूर्ण प्रजातान्त्रिक छ । तर छाडापन पनि छ । आवधिक चुनावमा राजनीतिक दलको सहभागिता, निष्पक्ष निर्वाचन, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका र संसदीय व्यवस्था हुनाले संसद्को ‘बाइप्रोडक्ट’ कार्यकारी हो । कार्यकारी संसद् प्रति उत्तरदायी हुनाले प्रजातान्त्रिक व्यवस्था हो र छ । प्रजातन्त्रमा ‘रुल बाइ ल, नट बाइ मेन’ हुन्छ । तर नेपालमा ‘रुल बाइ नेता’ भएको छ । न्यायपालिका र कार्यपालिकाको अधिकार कटाएर बाँकी सम्पूर्ण अधिकार कार्यपालिकाको हुन्छ । राज्यमा तीन अन्तरनिहित अधिकार हुन्छ । ‘इमिनेन्ट डोमेन’ को अधिकारले सार्वजनिक कामका लागि व्यक्तिको जग्गा प्राप्त गर्न सक्छ । ‘पुलिस पावर’ ले ऐन बनाएर नागरिकको मौलिक हकमा रोक लगाउन सक्छ । अर्को भनेको ‘नो ट्याक्सेसन विद आउट लेजिस्लेसन’ अर्थात् ‘कानुन बनाएर मात्र कर’ लगाउन सक्छ । तर नेपालमा बिना कानुन सरकारी ढुकुटीबाट रकम बाँडिन्छ । पञ्चायती व्यवस्था प्रजातान्त्रिक नभए पनि ‘ गभर्नेन्स’ को ‘मूल्य र मान्यता’ मा शासन चल्थ्यो । पञ्चायतकालमा ‘ अध्यादेश जारी’ र ‘राज्यकोष’ बाट रकम बाँडिएन । तर गणतन्त्रमा प्रजातन्त्रको न्यूनतम मूल्य र मान्यता पनि पालना गरिएन । सञ्चित कोषको रकममा दुरुपयोग गरियो । सञ्चित कोषबाट ऐनको अधिकार नभई खर्च गर्न हुँदैन भन्ने पनि नेताले बुझेनन् । यस्तो लाग्छ, यिनले राजतन्त्र हटाउनु नै प्रजातन्त्र हो भन्ने बुझे । सरकारी रकम बाँड्ने प्रजातन्त्र होइन भन्ने बुझेनन् । सरकारी ढुकुटीबाट रकम खर्च गर्न ऐन चाहिन्छ, ऐन संविधानसँग बाझिने गरी बनाउन पाइँदैन भन्ने पनि बुझेनन् । ऐन ‘फेयर, जस्ट, रिजनेवल’ हुनुपर्छ भन्नेसम्म पनि बुझेनन् । मन्त्रिपरिषद्ले ऐन बनाउन सक्दैन, मन्त्रिपरिषद्ले बनाएको कार्यविधि ‘ फेयर, जस्ट, रिजनेवल’ हुँदैन भन्ने नै बुझेनन् । यिनले प्रजातन्त्र भनेकै बुझेनन् भनिएको यिनै कारणले हो । शासन गर्नेले प्रजातन्त्र भनेको ‘रुल बाइ ल, नट बाइ मेन’ भन्ने बुझ्नुपर्ने हो । बुझेको भए संविधानविपरीतको कार्यविधि बनाउने थिएनन् । राणाहरूले १०४ वर्ष राज गरे । राणा शासनमा संविधान, कानुनी शासन थिएन । शासक आफैं फ्रान्सको लुई १४ औंले ‘आई एम द स्टेट’ भने जस्तै राणाहरूले सरकार भनेको आफैं भन्ने ठान्थे । उनीहरूको हुकुम नै कानुन हुन्थ्यो । ऐन बनाउने संसद् थिएन । महालेखा परीक्षक थिएन । आजको बैंकलाई त्यतिबेला तेजारथ भनिन्थ्यो । प्रधानमन्त्रीलाई प्राइममिनिस्टर भनिन्थ्यो । उनीहरू कानुनभन्दा माथि हुन्थे । रकम मनपरि बाँडिन्थ्यो । त्यस कार्यमा प्रश्न गर्न अपराध मानिन्थ्यो, कडा सजाय हुन्थ्यो । शासनमा १०४ वर्ष लामो ‘लिगेसी’ बोकेको देशमा अनुभव र अध्ययन नभएको तर जसरी पनि सत्ता र शक्ति चाहिने मानसिकता र संस्कार भएकाहरू शासक बनेपछि संविधानको भाग १० को संघीय आर्थिक कार्य प्रणालीमा ऐन किन लेखियो, कानुन किन लेखिएन भनेर नबुझ्नु स्वाभाविक हो । हामी नागरिक पनि सतर्क, सचेत, चनाखो र सूचित नभएर हामीले नै शासकहरूलाई सिंहदरबार पुऱ्यायौं । त्यसैको परिणाम ‘ कार्यविधि’ बन्यो र सरकारी ढुकुटी दुरुपयोग भयो। आजका शासकहरूमा राणाहरूले सरकारी ढुकुटीबाट रकम बाँड्थे, हामीले पनि बाँड्नुपर्छ भन्ने सोच देखिन्छ । प्रजातन्त्रको गलत बुझाइले गर्दा कार्यविधि बनाएर राज्यकोषबाट लुटिएको हो ।

**कार्यकारी अधिकारको दुरुपयोग**

सरकार कार्यकारी अधिकारको स्रोत हो । शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन यसैले गर्छ । यही अधिकारले संसद्बाट कानुन बनाउँछ । कानुन अपर्याप्त छ भने संशोधन गराउँछ । संविधानले सरकारी ढुकुटीबाट रकम खर्च गर्न ‘ऐन’ चाहिन्छ भन्दा पनि ‘कार्यविधि’ बनाएर तीन अर्ब खर्च गर्नु

बाँकी तेश्रो पृष्ठमा⇨

# सशक्त प्रतिपक्ष, प्रभावकारी सरकार

**सागर घले**

बेलायती वकिल इभोर जेनिङ्सले एक सक्रिय लोकतन्त्रलाई वैकल्पिक सरकार र सार्वजनिक असन्तुष्टिको आवाजका रूपमा काम गर्न बलियो प्रतिपक्ष चाहिन्छ भनेका थिए । विपक्षबिना सरकारमा जवाफदेहिताको अभाव हुन्छ, जसले लोकतन्त्रलाई निरंकुशतातर्फ धकेल्छ । आफ्नो कृति ‘क्याबिनेट गभर्नमेन्ट’ (१९३६) मा, उनले विपक्षीको भूमिकालाई केवल संसदीय अवरोधका रूपमा मात्र नभई लोकतान्त्रिक सरकारको एक महत्त्वपूर्ण, रचनात्मक र वैधानिक अवयवका रूपमा वर्णन गरेका छन् । भनिन्छ, सरकार सत्तापक्षको हुन्छ भने सडक र सदन प्रतिपक्षको । लोकतान्त्रिक र संसदीय अभ्यासमा प्रतिपक्षले खेल्ने भूमिकालाई महत्त्वका साथ हेरिन्छ । संसद्मा पनि प्रतिपक्षको भूमिका विरोध र आलोचना गर्ने मात्र होइन, सरकारलाई गलत बाटोमा जानबाट रोक्ने हो । राम्रा प्रयासमा रचनात्मक सहयोग गर्ने पनि हो । नेपालको संसदीय इतिहासमा प्रतिपक्षीले खेलेको भूमिकामाथि पनि प्रश्न उठ्ने गरेको छ । असहमतिका नाममा संसद् अवरोध गर्ने र आरोप-प्रत्यारोपलाई प्राथमिकता दिने गरेको पाइन्छ । सत्तामा रहेको दलको मात्र कमजोरी खोज्ने काममा बढी मिहिनेत गर्छन् । तसर्थ, प्रतिपक्षको दायित्व भनेको सधैं आलोचना गरिरहनु होइन । आलोचना गर्दा पनि रचनात्मक ढंगले गर्न सक्नुपर्छ । रचनात्मक टीकाटिप्पणी र कमीकमजोरीमाथि खबरदारी गर्नुपर्छ । संसद्मा प्रतिपक्षी दल लोकतन्त्रको आवश्यक अवयव हो । संसद्मा प्रतिपक्षले जति प्रभाव पार्छ, त्यति नै प्रभावकारी सरकार बन्छ/गरिन्छ । सरकारले पनि सदनमा उठेका फरक मत र विचारको पहिचान गर्नुपर्छ । जसले सरकारको कामलाई थप प्रभावकारी नै बनाउँछ ।सरकारलाई संसद्मा निरन्तर दबाबमा राखेर उसले ल्याएका विधेयक तथा अन्य प्रस्तावको कमजोरीमाथि वैकल्पिक बाटो दिने र आफ्ना विचारहरू राख्न सक्ने वातावरण बनाउन सक्नुपर्छ । संसदीय बहसमा प्रतिपक्षीले आफ्नो आवाज सदनमा राख्न सहज अवसर पाएको अनुभूति गर्ने वातावरण भने सरकार पक्षले गराउनुपर्छ । सरकारले गरेको हरेक निर्णयमा प्रश्न उठाएर थप जवाफदेही बनाउन सक्ने अवस्थामा प्रतिपक्षी दल लाग्नुपर्छ । सरकारले शक्तिको दुरुपयोग गर्न सक्छन्, जसलाई सन्तुलनमा ल्याउन प्रतिपक्षीको भूमिका रहन्छ । सरकारले गर्ने हरेक कामकारबाही आमनागरिक र लोकतन्त्रको हितमा हुन्छ भन्ने हुँदैन । कहिलेकाहीं सरकारले ल्याएका नीति, नियम, कानुनबमोजिम भए पनि नागरिकको हितमा हुँदैन । यस्ता नीतिमाथि विज्ञसँग छलफल गरी वैकल्पिक बाटोको प्रस्ताव प्रतिपक्षी दलले राख्नुपर्ने आवश्यकता हुन्छ । भ्रष्टाचार, अनियमितता र अपारदर्शिताविरुद्ध आवाज उठाएर सरकारलाई जवाफदेही र भ्रष्टाचारमा शून्य सहनशीलता कायम गर्नका लागि दबाब सिर्जना गर्न सक्छन् । यसले नागरिकमाझ उनीहरूको छवि राम्रो हुन सक्छ । अहिलेको संसद्मा संख्याका हिसाबमा प्रतिपक्षीको अवस्था अत्यन्तै कमजोर छ । प्रतिनिधिसभामा रास्वपाको झन्डै दुईतिहाइ सिट छ । यसर्थ अहिले सहज ढंगले सत्ता चलाएर बस्ने मौका रास्वपाले पाएको छ । आफूसँग बहुमत हुँदा अल्पमतको कदर कसरी गर्न सकिन्छ भन्ने विषय सरकारले बुझ्नुपर्छ । निर्णय प्रक्रियामा प्रतिपक्षीको राय लिने, उनीहरूको विचारलाई पनि समावेश गरी समायोजन गर्न सक्दा सरकार र प्रतिपक्षीबीच मतभेद हुने सम्भावना पनि कम हुन्छ । कानुन निर्माण प्रक्रियामा सत्तापक्ष र प्रतिपक्षको सहकार्य कायम गर्न सकिएमा एक पक्षको मात्र स्वार्थ हाबी हुने सम्भावना कम हुन्छ । प्रतिपक्षी दलका सांसदहरूले संसद्मा गैरसरकारी विधेयक प्रस्तुत गर्न सक्छन् । प्रतिपक्षी दलले सरकारले प्रस्तुत गरेका विधेयकलाई रोकेर यसलाई थप अनुसन्धान पनि गर्न सक्छन् । उनीहरूले विधेयकमा संशोधन प्रस्ताव पेस गर्न तथा विधेयकलाई पारित नै हुन नदिने प्रयास गर्न पनि सक्छ । संसद्मा प्रतिपक्षी दलले वैकल्पिक विधेयक, वैकल्पिक नीति तथा कार्यक्रम पनि प्रस्ताव गर्न सक्छन् । यसैकारण संसदीय व्यवस्थामा प्रमुख प्रतिपक्षलाई वैकल्पिक सरकार भनिएको हो । प्रतिपक्षीले सरकारको निरन्तर विरोध गर्ने, संसद् अवरोध गर्ने तर कुनै वैकल्पिक बाटो नदेखाउने प्रवृत्तिले संसदीय व्यवस्थाको महत्त्वपूर्ण हिस्सा छुट्छ । कुनै निश्चित समयसम्म अवरोध गर्नु ठीक मानिन्छ तर सधैं अवरोध गरेर, नारा जुलुस लगाएर संसद्

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## अर्को आक्रमणको तयारीमा ट्रम्प, भने- इरानी नेतृत्व बेइमान छ, बारम्बार कुरा बदल्छ



**काठमाडौं,२९ वैशाख ।**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी नेतृत्वलाई बेइमान भनेका छन् । उनले तेहरानले वार्तामा बारम्बार आफ्नो कुरा बदल्ने गरेको आरोप पनि लगाएका छन् । उनले इरान जानाजान वार्ता र कागजात प्रक्रियालाई लम्ब्याउन लागेको बताए । ट्रम्पले भने, 'उनीहरू धेरै बेइमान मान्छे हुन् । नेतृत्व बारम्बार आफ्नो कुरा बदल्छ ।' उनले व्यवसायमा पनि उनले धेरै पटक पहिले सम्झौता हुन्छ, अनि अर्को पक्षबाट नयाँ सर्तहरू आउने गरेको सुनाए ।

ट्रम्पले २० मिनेटमा पठाउन सकिने कागजातलाई इरानले पाँच दिनसम्म लगाउने गरेको बताए । उनले यसलाई वार्ता लम्ब्याउने रणनीति भनेका छन् । **फेरि हमला गर्ने विचार** ट्रम्प इरानविरुद्ध फेरि ठूलो सैन्य अभियान सुरु गर्ने विषयमा गम्भीर विचार गरिरहेका छन् । सीएनएनको रिपोर्ट अनुसार ट्रम्प इरानको वार्ता रणनीति र होर्मुज स्ट्रेट लगातार बन्द रहनुबाट रिसाएका छन् । ट्रम्पलाई इरानी नेतृत्वभित्र मतभेद रहेका लागेको छ । जसको कारण परमाणु वार्तामा कुनै ठोस प्रगति भएको छैन । रिपोर्ट अनुसार ट्रम्प प्रशासनभित्र आगामी रणनीतिका विषयमा फरक-फरक मत छन् ।

पेन्टागनका केही अधिकारीहरूले इरानमाथि दबाब बढाउन थप आक्रामक कदम र टार्गेटेड स्ट्राइकको वकालत गरिरहेका छन् । उनीहरूले यसबाट तेहरानको अवस्थालाई अझ कमजोर बनाउने बताएका छन् । प्रशासनभित्र अर्को समूहले अझै पनि वार्तालाई मौका दिनुपर्ने कुरा गरिरहेको छ । यी अधिकारीहरू कूटनीतिबाट सम्झौताको सम्भावना पूर्ण रूपमा समाप्त नभएको बताइरहेका छन् । रिपोर्ट अनुसार ट्रम्पका निकटवर्तीहरूले पाकिस्तानलाई इरानसँगको वार्तामा कडा सन्देश दिन चाहन्छन् । केही अमेरिकीअधिकारीहरूलाईपाकिस्तानले इरानको अवस्थालाई अमेरिकासामु बढी सकारात्मक रूपमा प्रस्तुत गरिरहेको शंका छ । ट्रम्पले सोमबार आफ्नो राष्ट्रिय सुरक्षा टोलीसँग फेरि बैठक गरेका थिए । तर मङ्गलबार चीन प्रस्थान गर्नुअघि ट्रम्पले कुनै ठूलो निर्णयको घोषणा शायद गर्ने छैनन् । रिपोर्टमा पाकिस्तान र क्षेत्रका धेरै देशहरूले इरानलाई ट्रम्प निकै रिसाएको र यो कूटनीतिको अन्तिम मौका हुन सक्ने भनेर बुझाउन प्रयास गरिरहेका छन् । तर अहिलेसम्म इरानले यी चेतावनीहरूलाई गम्भीर रूपमा लिइरहेको देखिँदैन । **भने- इरानसँग युद्धविराम भेन्टिलेटरमा** ट्रम्पले इरानसँगको युद्धविराम अब भेन्टिलेटरमा पुगेको बताएका छन् । उनले अमेरिकाले अब पूर्ण विजय चाहेको बताए । ओभल अफिसमा पत्रकारहरूसँग कुराकानी गर्दा ट्रम्पले इरानको प्रस्तावलाई फोहोर भने । उनले अमेरिका दबाबमा पर्ने वा थाक्ने कुरा इरानले सोचे पनि त्यस्तो नहुने बताए । रिपोर्टहरू अनुसार इरानले पाकिस्तानी मध्यस्थहरूमार्फत् अमेरिकालाई आफ्नो जवाफ पठाएको थियो । उक्त प्रस्तावमा युद्ध समाप्त गर्ने, होर्मुज स्ट्रेटको सुरक्षा, परमाणु कार्यक्रम र प्रतिबन्ध हटाउने जस्ता मुद्दाहरू थिए । ट्रम्पले वाशिंगटनले इरानमाथि दबाब कायम राख्ने बताउँदै उसको सर्तमा सम्झौता नगर्ने अडान राखे । अमेरिका र इरानबीच अप्रिलदेखि लागू युद्धविराम पहिले नै तनावमा थियो । अब ट्रम्पको ताजा भनाइपछि शान्ति वार्ता फेरि संकटमा पर्ने देखिएको छ । अमेरिका-इरान तनाव बढ्दा यसको असर वैश्विक तेल बजार र होर्मुज स्ट्रेटको सुरक्षामा पनि परिरहेको छ ।

## इरानले आफना विमान पाकिस्तान र अफगानिस्तानका एयरपोर्टमा लुकाएको खुलासा



**काठमाडौं,२९ वैशाख ।**

पाकिस्तानले अमेरिका-इरान द्वन्द्वको समयमा इरानी सैन्य विमानहरूलाई आफ्नो एयरबेसमा पार्किङ गर्न अनुमति दिएको छ । सीबीएस न्यूजको रिपोर्ट अनुसार इरानले केही सैन्य र नागरिक विमानहरूलाई पाकिस्तान र अफगानिस्तान पठाएको थियो । तिनलाई सम्भावित अमेरिकी हमलाबाट बचाउन यो कदम चालिएको हो । अमेरिकी अधिकारीहरूका अनुसार अप्रिलमा युद्धविरामको घोषणा भएको केही दिनपछि इरानले धेरै विमानहरू पाकिस्तान एयरफोर्सको नूर खान एयरबेसमा पठाएको थियो । यो एयरबेस रावलपिन्डी नजिकै रहेको पाकिस्तानको महत्वपूर्ण सैन्य ठाउँ मानिन्छ । रिपोर्टमा पठाइएका विमानहरूमा इरानी एयरफोर्सको आरसी-१३० विमान पनि समावेश थियो । यो लकहिड सी-१३० हरक्यूलिस ट्रान्सपोर्ट एयरक्राफ्टको गुप्तचर र निगरानी मिसन संस्करण हो । पाकिस्तानका एक वरिष्ठ अधिकारीले सीबीएस न्यूजसँग नूर खान एयरबेस शहरको बीचमा रहेकाले ठूलो संख्यामा विमान लुकाउन सम्भव नभएको बताएका छन् । उनले रिपोर्टमा गरिएका दाबीलाई अस्वीकार गरे ।

रिपोर्ट अनुसार इरानले केही नागरिक विमान अफगानिस्तान पनि पठाएको थियो । एक अफगान नागरिक उड्डयन अधिकारीले माहान एयरको एक विमान युद्ध सुरु हुनुभन्दा पहिले काबुल पुगेको दाबी गरेका छन् । इरानी एयरस्पेस बन्द भएपछि उक्त विमान काबुल एयरपोर्टमै रोकिएको थियो । रिपोर्टमा मार्चमा पाकिस्तान र तालिबान सरकारबीच तनाव बढेपछि काबुल एयरपोर्टमा हमलाको आशंका थियो । त्यसपछि तालिबानका नागरिक उड्डयन अधिकारीहरूले सुरक्षा कारणले विमानलाई इरान सीमाको नजिक हेरात एयरपोर्ट पठाए । तालिबानका मुख्य प्रवक्ता जबीहुल्लाह मुजाहिदले अफगानिस्तानमा इरानी विमानहरूको उपस्थितिलाई अस्वीकार गरे । उनले भने, 'यो सही होइन र इरानलाई यस्तो गर्नु आवश्यक छैन ।' रिपोर्टमा पछिल्लो दशकमा पाकिस्तानको चीनमाथि सैन्य निर्भरता निकै बढेको उल्लेख गरिएको छ । स्टकहोम इन्टरनेशनल पीस रिसर्च इन्स्टिच्युटको एक अध्ययन अनुसार २०२० देखि २०२४ सम्म पाकिस्तानका ८० प्रतिशत ठूला हतियार चीनले आपूर्ति गरेको थियो । रिपोर्टअनुसार पाकिस्तान एकातिर आफूलाई अमेरिकाको अगाडि मध्यस्थ र स्थिरता ल्याउने देशको रूपमा प्रस्तुत गर्दैछ भने अर्कोतिर इरान र चीनलाई रिसाउन नदिने प्रयासमा छ ।

## बेलायती प्रधानमन्त्री स्टाररमाथि राजीनामाको दबाब

**काठमाडौं,२९ वैशाख ।**

बेलायती प्रधानमन्त्री किर स्टार्मरमाथि राजीनामा दिन दबाब बढेको छ ।

भर्खरै सम्पन्न स्थानीय निर्वाचनमा लेबर पार्टीले बेहोरेको लज्जास्पद हारपछि प्रधानमन्त्री स्टार्मरको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै आफ्नै मन्त्रिपरिषद्का सदस्यले समेत उनको बहिर्गमनको समय तालिका माग गरेका हुन् ।

प्रधानमन्त्रीको राजीनामा माग्नेमा गृहसचिव शबाना महमुद समेत रहेकी छिन् । मन्त्रिपरिषद्मा प्रधानमन्त्रीको निरन्तरतालाई लिएर स्पष्ट दुई धार देखिएको छ । गृहसचिव महमुद अल्पमतमा रहे पनि उनले स्टार्मरलाई राजीनामाको निश्चित समय सार्वजनिक गर्न दबाब दिएकी छिन् ।

## विदेशमा उपचार खर्च.....

भनेको संविधान मिचाइ हो ।बिना ऐन सरकारी ढुकुटीबाट खर्च गर्नु हुँदैन भन्ने कानुनको विद्यार्थीले पनि जानकारी राख्ने विषय हो । सरकार प्रमुखलाई जानकारी भएन भन्ने छुट हुँदैन । आफू पनि राज्यकोषबाट फाइदा लिने र आफ्ना आसेपासेहरूलाई पनि फाइदा दिलाउने उद्देश्यले कार्यविधि बनाइएको हो र छ । 'कार्यविधि' को नाम 'आर्थिक सहायता' राखिएको छ । तर फाइदा सिंहदरबारमा पहुँचवालाले मात्र लिन्छन् । कार्यविधि ऐनको प्रत्यायोजित अधिकारले बनेको होइन । कार्यविधिको प्रस्तावनामा ऐनको स्रोत उल्लेख गरिएको छैन । कार्यविधि प्रशासकीय अधिकारअन्तर्गत बनेको हो । राज्यकोषमा जम्मा भएको रकम खर्च गर्न कागजको खोस्टो जस्तो कार्यविधिबाट अधिकार हुँदैन । राज्यकोषमा जम्मा भएको रकम खर्च गर्न पाउने अधिकार संविधानको भाग १० को धारा ११५ देखि धारा १२५ सम्म १० धारा हुन् । उल्लिखित धाराहरूअन्तर्गत बनेको ऐनबाट मात्र राज्यकोषबाट रकम खर्च गर्न सकिन्छ । उल्लिखित १० धारामा खर्च गर्नुपर्दा 'ऐन' वा 'संघीय ऐन' भन्ने प्रस्ट उल्लेख छ । 'कानुन' भनिएको छैन । 'कानुन' भनियो भने सरकारले नियम, विनियम, कार्यविधि बनाएर खर्च गर्ला भनेर ऐन शब्द राखिएको हो । ऐन बहुमतले पास गर्नुपर्छ । सरकारको मनपरीको रोक विपक्षीले लगाउँछ । त्यसैले संविधानमा 'ऐन' लेखिएको हो । नेपालभित्रै उपचार सम्भव हुँदाहुँदै 'कार्यविधि' बनाएर नेताहरूलाई प्रोस्टेटको शल्यक्रिया र किड्नी प्रत्यारोपणका लागि बिरामी र ठूलो 'इन्टोराज' लाई डलर दिएर सरकारबाट राज्यकोषको दुरुपयोग गरियो । औषधोपचार खर्च लिने र दिने दुवैबाट अख्तियारको दुरुपयोग र भ्रष्टाचार भएको छ । संविधानविपरीत 'कार्यविधि' बनाएर सरकारी ढुकुटीबाट रकम दिन हुन्छ भने सरकारी कार्यालयका नाममा रहेको नेपाल राष्ट्र बैंक वा अन्य बैंकको खाताबाट चेकमा हस्ताक्षर चल्ने कार्यालय प्रमुख र लेखापाल मिलेर आफ्नालाई उपचार खर्च दिए हुन्छ ।

जसरी चेक काटेर सरकारी रकम उपचारमा खर्च गर्ने कार्य भ्रष्टाचार मानिन्छ र चेक काट्नेलाई सजाय हुन्छ, त्यसैगरी 'कार्यविधि' का आधारमा राज्यकोषबाट उपचारको रकम दिने-लिने दुवैलाई भ्रष्टाचारमा मुद्दा चलाइनुपर्छ । कार्यविधिका नाममा सरकारी ढुकुटी मासिनु गम्भीर भ्रष्टाचार हो । दिने र लिने दुवै व्यक्ति र पद जोसुकै होस्, दुवै मिलुवा मानेर पद होइन उनीहरूको कुकृत्य हेरिनुपर्छ । यो देशमा लिखित संविधान छ, समानताको हक छ र स्वास्थ्य सेवामा प्रत्येकको समान पहुँचको हक छ भन्ने र मान्ने हो भने राष्ट्रपति होस् वा प्रधानमन्त्री सबैलाई अ.दु.अ.आ. ऐनले धारा २३९ (१) बमोजिम अनुसन्धान गर्ने र उपधारा ३ बमोजिम भ्रष्टाचारमा मुद्दा चलाइनुपर्छ । साभार ईकान्तिपुर ।

## सशक्त प्रतिपक्ष................

अवरोध गर्ने कार्य ठीक मानिँदैन । त्यसैले संसद्भित्रै संवाद, बहस र छलफल गर्ने कामलाई प्राथमिकता दिनुपर्छ । त्यहींबाट समस्याको समाधान पहिल्याउनुपर्छ । त्यसो गर्न सकियो भने प्रतिपक्षीले आफ्नो दायित्व र सरकारले आफ्नो जिम्मेवारी परिपालना गर्न सक्यो भनेर बुझ्न सकिन्छ ।

अबको प्रतिपक्षी दल परम्परागत रूपमा चल्नु हुँदैन । विगतका दिनमा संसदीय अवरोध रणनीतिलाई त्यागेर रचनात्मक र सिर्जनात्मक हुनुपर्ने आवश्यकता देखिन्छ । सरकारले पनि सदनमा उठेका फरक मत र विचारको पहिचान गर्नुपर्छ । जसले सरकारको कामलाई थप प्रभावकारी नै बनाउँछ । अन्तर्राष्ट्रिय अभ्यासलाई नियाल्ने हो भने विश्वका विकसित लोकतन्त्रहरूमा विपक्षी दलको भूमिका केवल सरकारको आलोचना गर्नेमा मात्र सीमित नभई लोकतन्त्रको रक्षा गर्ने एक शक्तिशाली संस्थागत माध्यमका रूपमा देखिन्छ । हाल प्रतिपक्षी दलको संख्या अत्यन्तै न्यून भएका कारण सबै प्रतिपक्षी दल मिलेर संयन्त्र बनाई प्रतिपक्षीको भूमिका पूरा गर्न सकिन्छ । लोकतन्त्रमा बहुमतभन्दा पनि अल्पमतले देखाएको साहस र प्रतिबद्धतालाई महत्त्वका साथ हेरिन्छ । यसकारण संसद्या परिपक्व र जिम्मेवार ढंगले प्रस्तुत हुँदै लोकतान्त्रिक मूल्यमान्यताको रक्षा गर्न आम प्रतिपक्षी दलले जिम्मेवारी निभाउनुपर्छ । अन्तर ष्ट्रिय अभ्यासलाई नियाल्ने हो भने विश्वका विकसित लोकतन्त्रहरूमा विपक्षी दलको भूमिका केवल सरकारको आलोचना गर्नेमा मात्र सीमित नभई लोकतन्त्रको रक्षा गर्ने एक शक्तिशाली संस्थागत माध्यमका रूपमा देखिन्छ ।

उदाहरणका लागि, वाटर गेट स्क्यान्डललाई लिन सकिन्छ, अमेरिकामा विपक्षी दलले तत्कालीन राष्ट्रपति रिचार्ड निक्सनविरुद्ध निरन्तर संसदीय छानबिन, बहस र सार्वजनिक दबाब सिर्जना गराएर राष्ट्रपतिलाई राजीनामा दिन बाध्य बनाएका थिए । यस घटनाले देखाउँछ कि सशक्त विपक्षीले सरकारलाई मात्र प्रश्न गर्दैन, आवश्यक परेमा सत्ताको दुरुपयोगलाई दण्डित पनि गराउँछ ।साभार ईकान्तिपुर ।

# स्वास्थ्य

## जथाभावी आकस्मिक गर्भनिरोधक औषधिले महिलामा स्वास्थ्य जोखिम



आकस्मिक गर्भनिरोधक चक्कीको प्रयोग असुरक्षित यौन सम्पर्क हुँदा वा परिवार नियोजनको अस्थायी साधनको असफलतापछि अनावश्यक गर्भ रोक्ने सुरक्षित र सरल तरिका हो । यद्यपि यो चक्की नियमित रुपमा भने सेवन गर्न मिल्दैन । त्यसैले त यसलाई आकस्मिक चक्की भनिएको हो ।

यसको दीर्घकालीन व्यवस्थापनका लागि गर्भनिरोधक चक्की अर्थात् बर्थ कन्ट्रोल पिल्स उपयोगी हुन्छ । तर चिकित्सकको सल्लाह र परामर्श विना जथाभावी पिल्सको प्रयोग गर्ने क्रम बढेको चिकित्सकहरू बताउँछन् । आकस्मिक गर्भनिरोधक औषधिको धेरै मात्रामा सेवन गरेका कारण महिनावारीमा गडबडी भएर अस्पताल आउनेको संख्या बढेको स्त्री तथा प्रसूतिरोग विशेषज्ञ डा. बालकृष्ण साह बताउँछन् । 'यो औषधिको सेवन आपतकालीन अवस्थामा प्रयोग गर्न बनाइएको हो,' उनले भने, 'यसको बढी सेवनले महिलाको स्वास्थ्यमा नकारात्मक समस्या निम्तिन सक्छ ।'

आकस्मिक गर्भनिरोधक चक्की असुरक्षित यौन सम्पर्क भएको अवस्थामा मात्रै प्रयोग गर्ने साधन भएको उनले स्पष्ट पारे । तर यसको दुरुपयोग बढेको छ । 'धेरैजसोले यसलाई नै परिवार नियोजनको अस्थायी साधन जसरी प्रयोग गरिरहेका छन्,' डा. साह भन्छन्, 'आकस्मिक गर्भनिरोधक साधन हर्मोनल औषधि हो, महिलाले एक महिनामा धेरै पटक यसको प्रयोग गर्दा स्वास्थ्यमा असर पर्छ ।'

**आकस्मिक गर्भनिरोधक औषधिले कसरी रोक्छ गर्भ ?**

यसले डिम्बाशयबाट निस्कने डिम्बलाई रोक्न सक्छ । डिम्बलाई शुक्रकीटसँग मिलेर भ्रूण बनाउन रोक्न सक्छ ।

साथै बनिसकेको भ्रूणलाई पाठेघरमा टाँसिन र भ्रूणलाई बढ्नबाट रोक्ने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. सचिनकुमार यादव बताउँछन् ।

**प्रभावकारिता कम हुने अवस्था**

डिम्ब गर्भाशयमा जोडिसकेको छ भने आकस्मिक गर्भनिरोधक चक्कीले काम गर्दैन । त्यसैले शारीरिक सम्पर्क भएको कति घण्टाभित्र यसलाई प्रयोग गरे यो प्रभावकारी हुन्छ भन्ने थाहा पाउनु आवश्यक हुने डा. यादव बताउँछन् ।

'असुरक्षित सम्पर्क भएको छ र गर्भवती हुन चाहनुहुन्न भने चाँडोभन्दा चाँडो आकस्मिक गर्भ निरोधक चक्की प्रयोग गर्नुपर्छ,' उनी भन्छन्, 'सम्पर्क भएको ७२ घण्टाभित्र यो चक्की खाइसक्नुपर्छ । नत्र यसको प्रभावकारिता कम हुन्छ ।'

**यस्ता स्वास्थ्य समस्या देखिनसक्छ**

आकस्मिक गर्भनिरोधक चक्की हर्मोनकै औषधि भएकाले यसले हर्मोन गडबडी वा महिनावारी अनियमित गराउन सक्ने स्त्री तथा प्रसूतिरोग विशेषज्ञ डा. साधना शाह बताउँछिन् ।

'गर्भ नबसे पनि महिनावारी पर भने सार्न सक्छ । यो तीन-चार महिनासम्म हर्मोन सन्तुलन नियन्त्रण हुँदैन,' उनी भन्छन्, 'आकस्मिक गर्भ निरोधक औषधिले त्यस्तो दीर्घकालीन असर केही नगरे पनि महिनावारी चक्रको समयमा परिवर्तन आउने, महिनावारीको समयमा धेरै पेट दुख्ने, धेरै रक्तस्राव हुने जस्ता समस्या हुन सक्छ । जुन केही समय पछि हराएर जान्छ । तर यो औषधिको धेरै प्रयोगले भने यसको प्रभावकारिता पनि घटेर जान्छ ।'

आकस्मिक गर्भनिरोधक चक्कीमा उच्च मात्रामा हर्मोन हुन्छ, जसले गर्दा यसको अत्यधिक उपयोगले प्रजनन् जीवनमा समेत समस्या उत्पन्न गर्न सक्ने डा. शाह बताउँछिन् ।

# मधेसमा कुपोषण हटाउन भान्साघरको व्यवस्थापन र बानीव्यहारमा परिवर्तन आवश्यक: मुख्यमन्त्री यादव



**जनकपुर,२९ वैशाख ।**

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेसमा व्याप्त कुपोषणको समस्या समाधानका लागि नागरिकको बानीव्यवहारमा परिवर्तन ल्याउनु आवश्यक रहेको बताएका छन् । मधेस प्रदेशको स्वास्थ्य सेवा निर्देशनालय सपही धनुषाले लालगढमा सोमबारदेखि सुरु गरेको तीनदिने 'मधेस प्रदेशस्तरीय पोषण नीति संवाद तथा शिखर सम्मेलन-२०८३' उद्घाटन गर्दै उनले यस्तो धारणा राखेका हुन् । मुख्यमन्त्री यादवले मधेसका प्रत्येक घरको भान्साघर व्यवस्थित गर्न सके कुपोषणको अवस्थामा ठूलो सुधार आउने उल्लेख गरे । खाद्य सामग्री उत्पादनका दृष्टिले मधेस अन्य प्रदेशको तुलनामा धेरै अगाडि भए पनि उत्पादित सामग्रीको सही ढङ्गले उपयोग हुन नसक्दा यहाँ कुपोषण एउटा गम्भीर समस्याका रूपमा देखिएको उनको भनाइ छ । स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खानाको सही पहिचान र प्रयोगमा जोड दिनुपर्ने उनले बताए ।कार्यक्रममा मधेस प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री जङ्गीलाल रायले तीनदिने शिखर सम्मेलनले मधेसमा कुपोषणका कारण देखिने पुड्कोपन, ख्याउटेपन र रक्तअल्पता जस्ता समस्या निदानका लागि ठोस निष्कर्ष दिने विश्वास व्यक्त गरे । मन्त्री रायले पोषणसम्बन्धी कार्यक्रमहरूको अनुगमन पाटोलाई प्रभावकारी बनाउन सम्मेलनमार्फत ठोस कार्यतालिका निर्माण गर्नुपर्ने सुझाव समेत दिएका छन् ।

मधेस प्रदेश सरकारका स्वास्थ्य सचिव डा. प्रमोदकुमार यादवका अनुसार सम्मेलनमा पोषण नीतिबारे विज्ञहरूबीच गहन संवाद गरी रणनीतिक निष्कर्ष निकालिनेछ । सम्मेलनमा प्रदेशका सबै पोषणसम्बद्ध सरकारी कार्यालयका प्रमुख, प्रादेशिक अस्पतालका प्रमुख, पोषणविद् र आठै जिल्लाका स्वास्थ्य कार्यालयका प्रमुख तथा पोषण अधिकृतहरूको सहभागिता रहेको छ । विज्ञहरूको सुझावका आधारमा प्रदेशको आगामी पोषण रणनीति तय गरिने मन्त्रालयले जनाएको छ ।

# उच्च शिक्षालाई राजनीतिक हस्तक्षेपमुक्त बनाउने शिक्षामन्त्रीको उद्घोष



**काठमाडौं,२९ वैशाख ।**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले आगामी आर्थिक वर्षको बजेटलाई व्यवस्थित र वैज्ञानिक बनाउन देशभरका विद्यालयहरूको भौतिक पूर्वाधारको वस्तुगत मूल्याङ्कन गरिने बताएका छन् । मंगलबार सिंहदरबारमा आयोजित शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा बोल्दै उनले विद्यालयहरूको वास्तविक अवस्था पहिचान गरी सोही अनुसारको गुरुयोजना निर्माण गरिने जानकारी दिएका हुन् ।

मन्त्री पोखरेलका अनुसार आगामी आर्थिक वर्षमा स्थानीय तहसँगको सहकार्यमा देशभरका सम्पूर्ण विद्यालयहरूको भौतिक पूर्वाधार र जनशक्तिको अवस्थाबारे विस्तृत अध्ययन गरिनेछ । यस कार्यक्रम अन्तर्गत विद्यालयको कक्षाकोठा, विद्यार्थी संख्या, खुल्ला क्षेत्र, शौचालय, प्रयोगशाला र प्रतिविद्यार्थी उपलब्ध क्षेत्रफल लगायतका विषयमा तथ्याङ्क संकलन गरिनेछ । डेस्क-बेन्च, ह्वाइट बोर्ड तथा स्मार्ट बोर्डको अवस्था र शिक्षक-विद्यार्थी अनुपातको समेत सूक्ष्म विश्लेषण गरिने उनले उल्लेख गरे । बैठकमा मन्त्री पोखरेलले भने, 'हामीले विद्यालयहरूको वर्तमान अवस्था र आवश्यकताको पहिचान गर्नेछौं । राष्ट्रिय भवन संहिता, शिक्षा नीति र अन्तर्राष्ट्रिय अभ्यासहरूलाई आधार मानी एउटा निश्चित मापदण्ड तयार पारिनेछ । सोही मापदण्डका आधारमा विद्यालय विकासको 'मास्टर प्लान' बनाएर बजेटलाई प्रणालीगत रूपमा परिचालन गरिनेछ ।' विश्वविद्यालयहरूको सुधारका सन्दर्भमा बोल्दै मन्त्री पोखरेलले उच्च शिक्षालाई राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउन र व्यावसायिकता प्रवर्द्धन गर्न पदाधिकारी नियुक्तिमा खुला प्रतिस्पर्धाको अवधारणा अघि सारिएको स्पष्ट पारे । विश्वविद्यालयको नेतृत्वमा योग्य र प्राज्ञिक व्यक्तित्वहरूलाई आकर्षित गर्न उपकुलपति लगायतका पदहरूमा खुला आवेदन आह्वान गरिएको जानकारी दिँदै उनले प्राज्ञिक वातावरण सुनिश्चित गर्नु मन्त्रालयको प्राथमिकता रहेको बताए । योग्य व्यक्तिहरूलाई नेतृत्वमा ल्याउने योजना अहिले कार्यान्वयनको चरणमा रहेको उनको भनाइ छ ।

# हिरासतभित्र हुने मृत्युलाई आत्महत्या भनिनु स्वाभाविक छैन : सांसद विश्वकर्मा

**काठमाडौं,२९ वैशाख ।**

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद रिमा विश्वकर्माले दलित समुदायको उत्थानका लागि प्राथमिकताका साथ बजेट विनियोजन गर्न सरकारसँग माग गरेकी छन् ।

मंगलबार प्रतिनिधि सभा बैठकमा बोल्दै उनले दलित समुदायलाई न्याय दिने र उनीहरूको हित प्रवर्द्धन गर्ने कुरामा सरकारले विशेष ध्यान दिनुपर्ने बताएकी हुन् । सांसद विश्वकर्माले हिरासतमा आत्महत्या गर्नेहरूको संख्या बढ्दै जाँदा पनि सरकार गम्भीर नभएको भन्दै आपत्ति जनाइन् । इन्सेकको तथ्याङ्क उल्लेख गर्दै उनले पछिल्लो एक वर्षमा मात्रै ८८ जनाको हिरासतभित्र मृत्यु भएको र त्यसमा ५२ प्रतिशत दलित तथा सीमान्तकृत समुदायका व्यक्ति रहेको जानकारी दिइन् । ती मृत्युमध्ये ५६ प्रतिशतलाई आत्महत्याको रूपमा वर्गीकरण गरिएकोमा उनले प्रश्न उठाएकी छन् । बैठकमा बोल्दै सांसद विश्वकर्माले भनिन्, ' इन्सेकको तथ्यांक अनुसार पछिल्लो एक वर्षमा मात्रै ८८ जनाको हिरासतभित्र मृत्यु भएको छ । त्यसमा ५२ प्रतिशतमा दलित र सिमान्तकृत समूदाय परेका छन । र, ५६ प्रतिशत मृत्यलाई आत्माहत्याको रुपमा वर्गीकरण गरिएको छ । श्रीकृष्ण विकको मृत्युलाई आत्माहत्या भनिनु नौला नहोला । तर हिरासतभित्र हुने अधिकांश मृत्युलाई आत्माहत्या भनिनु स्वभाविक छैन । त्यसैले पीडितलाई न्याय दिने कुरामा सरकारले ढिलाई नगरोस र बाचा पत्रका प्रमुखता पाएको दलित समुदायलाई न्याय दिँदा र बजेट विनियोजन गर्दा प्राथमिकतामा राखियोस भनि निवेदन गर्न चाहन्छु ।' उनले सरकारले आफ्नो बाचा पत्रमा उल्लेख गरेअनुसार दलित समुदायको न्याय र अधिकार सुनिश्चित गर्न ढिलाइ गर्न नहुनेमा जोड दिइन् । हिरासतभित्र हुने मृत्युका घटनाहरूको निष्पक्ष छानबिन गरी पीडित परिवारलाई न्याय दिलाउन र आगामी बजेटमा यो समुदायको विकासका लागि पर्याप्त स्रोत छुट्याउन उनले सरकारको ध्यानाकर्षण गराएकी छन् ।



# संसदमा जसको प्रवेश भए पनि म आफैं प्रवेश गरेजस्तो लाग्छ : प्रचण्ड



**काठमाडौं,२९ वैशाख ।**

नेपाली कम्युनिस्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले संघीय संसदमा रहेको समावेशी र समानुपातिक प्रतिनिधित्वलाई आफ्नो पार्टीको निर्वाचन परिणामभन्दा पनि ठूलो उपलब्धि भएको बताएका छन् । मंगलबार प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै प्रचण्डले अहिलेको संसदको स्वरूप क्रान्ति, बलिदान र लामो संघर्षको जगमा प्राप्त भएको उल्लेख गर्दै यसलाई 'रगतले लेखिएको कथा' को संज्ञा दिए ।सम्बोधनका क्रममा उनले भने, "परिणामका दृष्टिले सानो-ठूलो जे सुकै भए पनि यो प्रतिनिधि सभामा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, थारु र उत्पीडित समुदायको इन्द्रधनुषी प्रतिनिधित्व हुनु मेरो पार्टीको विजयभन्दा महत्त्वपूर्ण छ ।"

प्रचण्डले संसदको रूपान्तरणलाई तथ्यांकसहित तुलना गर्दै समावेशी प्रतिनिधित्वमा ठूलो उपलब्धि हासिल भएको दाबी गरे । विगतको सशस्त्र संघर्षलाई स्मरण गर्दै उनले थपे, "यो प्रतिनिधित्वको कथा रगतले लेखिएको छ । पिठ्यूँमा दुधे बालक र काँधमा बन्दुक बोकेका महिलाहरूको बलिदानले लेखिएको छ ।" आफूलाई यो समावेशी प्रतिनिधित्वप्रति गर्व रहेको बताउँदै प्रचण्डले भने, "यो सम्मानित संसदमा जसको प्रवेश भए पनि म आफैं प्रवेश गरेजस्तो लाग्छ । सामन्तवादविरुद्ध हामीले उठाएको बन्दुकले ढोका नखोलेको भए उत्पीडित समुदायका प्रतिनिधिहरू कहाँबाट यहाँ प्रवेश गरेर मन्त्री बन्थे ?"

# प्रधानमन्त्रीको स्वास्थ्य परीक्षण गर्न कांग्रेसको माग



**काठमाडौं,२९ वैशाख ।**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रधानमन्त्री बालेन शाहको स्वास्थ्य अवस्थाबारे प्रश्न उठाउँदै तत्काल स्वास्थ्य परीक्षण गर्न माग गरेको छ । प्रतिनिधि सभाको मंगलबारको बैठकमा बोल्दै कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले आफ्नै सरकारको नीति तथा कार्यक्रम संसदमा पेश भइरहँदा प्रधानमन्त्री बीचैमा उठेर बाहिरिएको भन्दै यस्तो माग गरेका हुन् । नेता आङ्देम्बेले संसद्मा बोल्दै भने, 'आफ्नै सरकारको नीति कार्यक्रम पेश भइरहँदा प्रधानमन्त्री बीचैमा उठेर हिँड्नु स्वभाविक होइन । यदि अचानक उहाँको स्वास्थ्य स्थिति गम्भीर बनेको कारण उहाँ हिँड्नुभएको हो भने, सरकारले अविलम्ब स्वास्थ्य परीक्षण गरेर उहाँको स्वास्थयबारे त्यसको जानकारी संसदलाई गराउनुपर्छ ।' उनले प्रधानमन्त्रीको यो व्यवहारलाई 'अमर्यादित र अहंकारपूर्ण' भन्दै यसले सदनको गरिमा र इज्जतमा दाग लागेको टिप्पणी गरे । कुनै पनि देशको प्रधानमन्त्रीले यस्तो गैर-जिम्मेवार व्यवहार नदेखाउने भन्दै आङ्देम्बेले यस विषयमा सरकारको आधिकारिक धारणा माग गरे ।

# सापटीको पैसा फिर्ता नदिएपछि साथीको हत्या

**चितवन,२९ वैशाख ।**

सापटी दिएको पैसा साथीले फिर्ता नगरेपछि भएको विवादले चितवनमा एक युवकको हत्या भएको छ । वैशाख २२ गते राति भरतपुर महानगरपालिका-७ बुद्धचोकमा भएको युवकको हत्या आरोपमा प्रहरीले उनैको साथीलाई पक्राउ गरेको छ । बुद्धचोकको सम्भव अटो वर्कसपमा काम गर्ने ३० वर्षका आशिष खनालको हत्या आरोपमा प्रहरीले नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गैंडाकोट-१७ बस्ने कृष्णबहादुर खड्का र स्याङ्जा जगतभञ्ज्याङ घर भइ पोखरा बस्ने सम्राट गुरूङलाई पक्राउ गरेको हो । उनीहरूलाई प्रहरीले आइतबार पोखराको एक होटलबाट समातेको हो । चितवनका प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार रूपन्देहीको सैनामैना घरभएका आशिष र कृष्णबहादुर ५/६ वर्षदेखि मिल्ने साथी थिए ।

सम्भव अटो वर्कशपमा उनीहरू दुवैले तीन दिन जति सँगै काम गरेकका थिए । 'तीन महिनाअघि उनीहरू तीन दिन जति सँगै काम गरेका रहेछन् । त्यो बेला आशिषले कृष्णको पैसा लगेको देखिन्छ ।यत्ति नै भन्ने छैन केही हजार रूपैयाँ जति पैसा दिएको भन्ने खुल्न आएको छ,' पुरीले भने । पैसा नतिरेपछि कृष्णले आशिषको मोबाइल फोन लगेका थिए । त्यही मोबाइल फोन माग्न थालेपछि विवाद बढ्दै गएको प्रहरीले जनाएको छ । 'आशिषले कृष्णलाई पटक पटक फोन, म्यासेज गरेर मोबाइल मागेको र कृष्णले नदिएको देखिन्छ ।

विवाद बढ्दै जाँदा हत्याको घटनासम्म भयो,' पुरीले भने । कृष्ण मादक पदार्थ खाएर नशाको सुरमा विवाद गर्न गएको र घटना भएको प्रहरीले जनाएको छ । कृष्ण घटनाको मुख्य व्यक्ति भए पनि सम्राटले कृष्णलाई लुक्न सहयोग गरेको प्रारम्भिक अनुसन्धानमा देखिएको र थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक रविन्द्र खनालले बताए ।

# अनुदान मलमा कालोबजारी र मिसावट गरे कारबाही



**काठमाडौं,२९ वैशाख ।**

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले देशभरि रासायनिक मल आपूर्ति र बिक्री वितरण व्यवस्थित बनाउन प्रयास गरिरहे पनि अन्तर्राष्ट्रिय परिस्थितिका कारण केही चुनौती थपिएको जनाएको छ । मन्त्रालयले एक सार्वजनिक सूचना जारी गर्दै विशेषगरी पश्चिम एसियामा जारी द्वन्द्वका कारण सम्झौता भइसकेको करिब १ लाख ८५ हजार टन मल आपूर्तिमा समस्या परेको जानकारी दिएको हो । अगामी वर्षे धानबाली सिजनमा मलको माग र खपत उच्च हुने समय नजिकिँदै गर्दा मन्त्रालयले वैकल्पिक उपाय मार्फत आपूर्ति सहज बनाउने काम गरिरहेको दाबी गरेको छ । यद्यपि, अन्तर्राष्ट्रिय बजारबाट मल खरिद र आपूर्तिमा हुन सक्ने सम्भावित समस्याप्रति मन्त्रालयले पूर्वसतर्कता अपनाउन सबैमा आग्रह गरेको छ । मल अभाव मौका छोपेर बजारमा कमसल मल बिक्री हुन ।सक्ने वा सरकारी अनुदानको मलमा कालोबजारी हुन सक्ने सम्भावना मध्यनजर गर्दै मन्त्रालयले कडा नियमन गर्ने बताएको छ ।

'रासायनिक मल (नियन्त्रण) आदेश २०५५' को प्रावधान अनुसार तोकिएको विशिष्टीकरण र मापदण्ड पुगेका मलमात्र पैठारी र बिक्री गर्न पाइने व्यवस्थालाई कडाइसाथ लागु गरिने सूचनामा उल्लेख छ । मन्त्रालयले किसानहरूलाई कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडबाट आधिकारिक रूपमा दर्ता भएका डिलरहरूबाट मात्र मल खरिद गर्न अनुरोध गरेको छ ।